# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद विकाश महाशाखा
जीतपुर, बारा
प्रदेश नं.२, नेपाल

पत्र संख्या :
च.नं. :

मिति : २०७८।०६।०८

श्री सामुदायिक विद्यालयहरु ( सबै ),
जीतपुरसिमरा उपमहानगरपालिका, जीतपुर, बारा ।

**विषय : प्रथम चौमासिक माग फाराम पेश गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा यस उपमहानगरपालिका अर्न्तगत संचालित सामुदायिक विद्यालयहरुका शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको आ.व. २०७८/०७९ को प्रथम चौमासिक ( २०७८ साल साउन, भाद्र, असोज र कार्तिक महिनाको तलव भत्ता चाड पर्व खर्च समेत ) निकासा गर्नु पर्ने भएकोले तपसिल बमोजिमका कागजातहरु सहितको माग फाराम मिति २०७८।०६।१५ गते भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ । आवश्यक कागजातहरु सहितको माग फाराम समय सिमा भित्रै पेश नभएको खण्डमा तलव भत्ता निकासामा ढिलाइ भए विद्यालय स्वमं जिम्मेवार हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

२०७८।६।८
शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

**तपसिल :**

१. आ.व.२०७६।०७७ को लेखापरीक्षण प्रतिवेदन - नबुझाएको विद्यालयहरुको हकमा
२.आ.व. २०७७०७८ को तेस्रो चौमासिक तलव भत्ता खुवाइएको भर्पाईको प्रमाणित प्रतिलिपी
३. आ.व. २०७७०७८ को तेस्रो चौमासिकको कर्मचारी संचय कोष, नागरीक लगानी कोष ( विमा ) र सामाजिक सुरक्षा कर दाखिला गरेको बैंक भौचरको प्रमाणित प्रतिलिपी
४. हाजिरी प्रमाणित प्रतिलिपी ( २०७८ साउन १ गते देखि हालसम्मको )
५. शैक्षिक सत्र २०७८ को अद्यावधिक विद्यालय सुधार योजना
६. विद्यालयमा हाल सम्म रिक्त रहेको र २०७८ साल कार्तिकमसान्तसम्म रिक्त हुने शिक्षक , कर्मचारी तथा वालविकास सहजकर्ताको विवरण ।

**माग फाराम भर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण कुराहरु**

१. वालविकास सहजकर्ता र विद्यालय कर्मचारीको हकमा संघीय सरकारवाट प्राप्त सर्शत अनुदानवाट निकासा हुने पारिश्रमिकको माग फाराम र उपमहानगरपालिकाको आन्तरिक श्रोतवाट निकासा हुने पारिश्रमिकको माग फाराम छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।
२. माग फाराम भर्दा शिक्षकको सम्पूर्ण विवरण ठिक दुरुस्तरुपमा भर्नु पर्ने छ ।

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा, जीतपुरसिमरा उपमहानगरपालिका - यो सूचना वेवसाइटमा अपलोड गरी दिन हुन ।